## १. पदको विवरण

| | |
|---|---|
| पदको नाम : | निर्माता |
| सेवा : | प्राविधिक |
| समूह : | कार्यक्रम |
| उपसमूह : | निर्माण |
| तह : | ६ (छ) |

## २. आवश्यक न्यूनतम शैक्षिक योग्यता

मान्यता प्राप्त शिक्षण संस्थाबाट आमसञ्चार सम्बन्धी विषयमा स्नातक तह उत्तीर्ण गरी कार्यक्रम उत्पादन सम्बन्धी १ महिनाको तालिम प्राप्त गरेको ।

वा

मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक उत्तीर्ण भई १ महिनाको कार्यक्रम उत्पादन सम्बन्धी तालिम लिएको र कम्तीमा ३ वर्ष टेलिभिजन संस्थामा कार्यक्रम उत्पादन/निर्माणको क्षेत्रमा काम गरेको अनुभव प्रप्त गरेको ।

## ३. परीक्षा योजना र पाठ्यक्रम

परीक्षाको किसिम लिखित, प्रयोगात्मक र अन्तर्वार्ता हुनेछ । पूर्णाङ्क १०० को लिखित परीक्षा, पूर्णाङ्क ५० को प्रयोगात्मक परीक्षा र पूर्णाङ्क २० को अन्तर्वार्ता निम्नानुसारका चरणमा लिइने छ ।

**परीक्षा योजना (Examination Scheme)**

| प्रथम चरण :- लिखित परीक्षा **(Written Examination)** | | | | | | पूर्णाङ्क :– १०० |
|---|---|---|---|---|---|---|
| पत्र /विषय | पूर्णाङ्क | उतीर्णाङ्क | परीक्षा प्रणाली | | प्रश्नसंख्या **X** अङ्क | समय |
| व्यवस्थापन, सान्दर्भिक कानून र सेवा सम्बन्धी | १०० | ४० | विषयगत | छोटो उत्तर<br>लामो उत्तर | १० प्रश्न x ५ अङ्क<br>५ प्रश्न x १० अङ्क | ३ घण्टा |
| द्वितीय चरण :- प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता **(Practical Examination & Interview)** | | | | | | पूर्णाङ्क :– ७० |
| प्रयोगात्मक परीक्षा | ५० | २५ | प्रयोगात्मक | | | १ घण्टा |
| व्यक्तिगत अन्तर्वार्ता | २० | | मौखिक | | | |

द्रष्टव्य :

१. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुनेछ ।
२. लिखित परीक्षाको उतीर्णाङ्क ४० प्रतिशत र प्रयोगात्मक परीक्षाको उतीर्णाङ्क ५० प्रतिशत हुनेछ ।
३. प्रथम चरणको लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरु मात्र द्वितीय चरणको परीक्षामा सम्मिलित हुन पाउनेछन् ।

## प्राविधिक सेवा, कार्यक्रम समूह, निर्माण उपसमूह, ६ (छ) तह, निर्माता पदको प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम

### पत्र/विषय :- व्यवस्थापन र सान्दर्भिक कानून र सेवा सम्बन्धी

### खण्ड (क) - व्यवस्थापन (१०अङ्क)

१. विश्वमा टेलिभिजन प्रविधि तथा प्रसारण विकासक्रम
२. नेपालमा टेलिभिजन प्रसारणको संक्षिप्त इतिहास, स्थापनाको उद्देश्य र वर्तमान अवस्था
३. सार्वजनिक प्रसारण सेवा (Public Broadcasting Service) र त्यसका विशेषताहरु
४. प्रसारण व्यवस्थापन (Broadcasting Management) को महत्व र आवश्यकता
५. आधुनिक व्यवस्थापनको अवधारणा तथा व्यवस्थापनमा उत्प्रेरणा, तालिम, नेतृत्व र निर्णय प्रक्रिया
६. कुशल व्यवस्थापकका कार्य र गुणहरु

### खण्ड (ख) - सान्दर्भिक कानून (१०अङ्क)

१. नेपालको वर्तमान संबिधान
२. राष्ट्रिय प्रसारण ऐन, २०४९
३. राष्ट्रिय प्रसारण नियमावली, २०५२ (संशोधन सहित)
४. सञ्चार सँस्थान ऐन, २०२८
५. सञ्चार नीति, २०४९
६. नेपाल टेलिभिजनको प्रचलित कर्मचारी सेवा शर्त विनियमावली तथा आर्थिक प्रशासन सम्बन्धी विनियमावली
७. सञ्चारसम्बन्धी कानुनहरु
८. प्रतिलिपि अधिकार सम्बन्धी ऐन, २०५९
९. भ्रष्टाचार निवारण ऐन, २०५९
१०. सूचनाको हक सम्बन्धी ऐन, २०६४

### खण्ड (ग) - सेवा सम्बन्धी (८० अङ्क)

**१. सञ्चार, आमसञ्चार र पत्रकारिता**
- १.१ सञ्चारको परिचय, प्रक्रिया र प्रकार
- १.२ सूचनाको अर्थ, विशेषता र स्रोतहरु
- १.३ आमसञ्चारको परिचय, आमसञ्चार माध्यमका प्रकार, विशेषता र कार्यहरु
- १.४ आमसञ्चारका क्षेत्र तथा उपयोगिता
- १.५ समाजमा आमसञ्चार माध्यमको भूमिका र महत्व
- १.६ मिडियाका सहयोगि प्रणालीहरु (Media support systems)
- १.७ पत्रकारिताको परिचय र प्रकार

**२. प्रसारण माध्यम**
- २.१ प्रसारण माध्यमको परिचय
- २.२ कार्यक्रमका विषयवस्तुका स्रोतहरु
- २.३ विभिन्न प्रकारका कार्यक्रम, उपर्युक्त कार्यक्रम विशेषताहरु र कार्यक्रम मूल्यांकनका आधारहरु
- २.४ टेलिभिजन कार्यक्रम निर्माण सम्वन्धी आधारभूत जानकारी
- २.५ टेलिभिजन स्क्रिप्ट लेखनका तरिका र भाषा, टेलिभिजन स्क्रिप्ट टर्मिनोलोजी
- २.६ कार्यक्रमका विविध ढाँचा र टेलिभिजन अन्तर्वार्ताका प्रकारहरु
- २.७ कार्यक्रम प्रस्तोताका गुणहरु
- २.८ प्रत्यक्ष प्रसारण

२.९ कार्यक्रम निर्माणका लागि आवश्यक उपकरणहरु सम्बन्धी प्राविधिक ज्ञान

२.९.१ छायाङ्कन सम्बन्धी आधारभूत ज्ञान

२.९.२ रेकर्डिङ गर्दा आवश्यक पर्ने विभिन्न उपकरणहरु

२.९.३ माइक्रोफोनका किसिम र प्रयोग

२.९.४ किार्यक्रम निर्माण समूह र त्यसको जिम्मेवारी

२.९.५ प्रकाश/लाईट सम्बन्धी आधारभूत ज्ञान

२.९.६ श्रव्य/दृश्य सम्पादन सम्बन्धी आधारभूत ज्ञान

२.१० कार्यक्रम निर्माणमा अनुसन्धानको भूमिका र महत्व

२.११ कार्यक्रम निर्माणका सन्दर्भमा सामाजिक समावेशीकरण सम्बन्धी अवधारणा

२.१२ कार्यक्रम निर्माण तथा प्रसारणका सम्बन्धी राष्ट्रिय एवं अर्न्तराष्ट्रिय अभ्यास एवं प्रचलन

**३. नेपालमा मिडिया**

३.१ नेपालमा आमसञ्चार माध्यमको विकासक्रम र वर्तमान अवस्था

३.२ सञ्चार नीति

३.३ पत्रकार आचार संहिता

३.४ प्रेस स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रता

३.५ सञ्चार सम्बन्धी विभिन्न संस्थाहरु र तिनको भूमिका

३.६ मिडियामा नयाँ अभ्यासः डिजिटल मिडिया, सूचना सञ्चार प्रविधि र सामाजिक सञ्जाल

द्रष्टव्य : यस पत्रमा लिखित परीक्षामा यथासम्भव पाठ्यक्रममा भएका सबै पाठ्यांशहरुबाट निम्नानुसार प्रश्नहरु सोधिनेछ ।

| **खण्ड/एकाइ** | | **विषयगत** | **अङ्कभार** |
|---|---|---|---|
| (क) | व्यवस्थापन | २ प्रश्न x ५ अङ्क = १० | १० |
| (ख) | सान्दर्भिक कानुन | २ प्रश्न x ५ अङ्क = १० | १० |
| (ग) | १. सञ्चार, आमसञ्चार र पत्रकारिता | २ प्रश्न x ५ अङ्क = १०<br>१ प्रश्न x १० अङ्क = १० | २० |
| | २. प्रसारण माध्यम | २ प्रश्न x ५ अङ्क = १०<br>४ प्रश्न x १० अङ्क = ४० | ५० |
| | ३. नेपालमा मिडिया | २ प्रश्न x ५ अङ्क = १० | १० |
| **जम्मा अङ्क** | | | १०० |

## प्रयोगात्मक परीक्षाको योजना

**: पूर्णाङ्क - ५० समय - १ घण्टा**

**(क) लेखन परीक्षण :**

टेलिभिजन स्क्रिप्ट तयार गर्ने, बिषय/मुद्दाअनुसार अन्तर्वार्ताको प्रश्न तयार गर्ने ।

**(ख) कार्यक्रम निर्माण :**

दिइएको २० मिनेटको कोरा दृश्यबाट ५ मिनेटको स्क्रिप्ट सहित कार्यक्रम निर्माण गर्नुपर्ने ।

**पुनश्चः- प्रयोगात्मक परीक्षामा लेखन परीक्षणको स्क्रिप्ट कम्प्युटरमा तयार गर्नुपर्ने छ ।**